# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, चैत्र १५ गते, २०७९ साल (संख्या ३२

## भाग २

### स्थानीय सरकार

## ईन्द्रावती गाउँपालिका

### नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको
सूचना

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## ईन्द्रावती गाउँपालिकाको शिक्षा नीति, २०७९

# ईन्द्रावती गाउँपालिकाको शिक्षा नीति-२०७९

## १.पृष्ठभूमिः

वागमती प्रदेश भित्रको सिन्धुपाल्चोक जिल्लाका बाह्र स्थानीय तहमध्ये ईन्द्रावती गाउँपालिका एक हो । जिल्लाको दक्षिण पश्चिम भागमा अवस्थित यो गाउँपालिका, पालिकाको केन्द्र सिन्धपाल्चोक जिल्लाको सदरमुकाम बाट २२ किलोमिटरको दुरीमा अवस्थितरहेको छ । ईन्द्रावती गाँउपालिकाको पूर्वमा चौतारासाँगाचोक गढि नगरपालिका, पश्चिममा मेलम्ची नगरपालिका, उत्तरमा पाँचपोखरी थाङपाल गाउँपालिका, दक्षिणमा काभ्रे जिल्लाको मण्डनदेउपुर नगरपालिका जोडिएको छ । स्थानीय

गाउँपालिका कायम गरिएको छ । साविकका ७ गा.वि.स.हरु मिलाएर यस गाउँपालिकामा जम्मा १२ वटा वडाहरु कायम गरिएका छन् । ईन्द्रावती गाउँपालिकाको कूल क्षेत्रफल १०५.११ वर्ग कि.मि. रहेको छ । यो गाउँपाकिला समुद्री सतहबाट ६५४ मिटर उचाइ देखि २८३५ मिटर सम्मको उचाइमा अवस्थित छ । २०७८ को जनगणना अनुसार यस गाउँपालिकामा कुल ६७८० घरपरिवार सङ्ख्या रहेको छ । घरपरिवारमा १२,१८३ पुरुष, १३,१८२ महिला गरी जम्मा २५,३६५जनसंख्याको बसोवास रहेको छ । यस गाउँपाकिलाको जनघनत्व २४१ जना प्रति वर्ग कि.मि रहेको छ भने लैङ्गिक अनुपात ९२.४२%छ । २०७८ को जनगणना अनुसार देश भरीको जम्मा साक्षरता दर ७६.२% प्रतिशत रहेको छ जस मध्ये पुरुषको साक्षरता दर ८३.६% रहेको छ भने महिलाको ६९.४% प्रतिशत साक्षरता दर रहेको छ। प्रदेशगत आधारमा अध्ययन गर्दा बागमती प्रदेशमा सबैभन्दा धेरै साक्षरता दर रहेको छ। बागमती प्रदेशमा पाँच वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्याको ८२.१% साक्षर रहेका छन। र सिन्धुपाल्चोक जिल्लाको कुल साक्षरता दर ६८.०४% रहेको छ । साथै यस गाउँपालिकामा साक्षर कुल जनसंख्याको ६९.१६% साक्षर छन् जसमध्ये पुरुष साक्षरता दर ७७.२१% छ भने महिला साक्षरता दर ६१.८१% रहेको छ । गाउँपालिकामा तामाङ, क्षेत्री, ब्राम्हण, दलित, माझी, राई, दनुवार, आदि जातिको बसोबास रहेको छ । भाषिक आधारमा हेर्दा जनसङ्ख्या मध्य ६३.६० %नेपाली, २४.७० %तामाङ, ७.९० दनुवार २.५० नेवार र १.२० अन्य मातृभाषी जनसंख्या रहेको छ । ईन्द्रावती गाउँपालिकाको नामाकरण यस क्षेत्रकै ठुलो नदि ईन्द्रावती नदिको नाम बाट नामाकरण गरिएको छ ।

देश संघीय सरचनामा रुपान्तरण भए संगै यस गाउँपालिकाको स्थापना २०७३ फागुन २२ गते भएको हो ।

शिक्षाको माध्यमवाट नै व्यक्तिको सर्वाङ्गीण विकास भई असल, योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार हुन्छ । राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । सीपमूलक, वैज्ञानिक, व्यावहारिक एवम् गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशीला हो । देश विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो । शिक्षामा पहुँच, समता, गुणस्तरीयता, समावेशिता र उत्पादनशीलता सुनिश्चित गर्न कानुनी, संरचनागत र संस्थागत रुपान्तरण हुनु जरुरी हुन्छ ।

नेपालको संविधानले शिक्षालाई आधारभूत तथा मौलिक हकको रुपमा स्वीकार गरी सकेको छ । सविंधानको धारा ३१ मा उल्लिखित शिक्षासम्बन्धि हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिकरुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने,देश भित्र बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने व्यवस्था भएको छ । यो संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न स्थानीय तहमा सुदृढ शिक्षा प्रणालीको विकास गर्नु जरुरी हुन्छ ।

गाँउपालिका भित्रको शिक्षासम्बन्धी विकासका लागि दीर्घकालीन लक्ष्य, उद्देश्य, रणनीति,नीति कार्यनीति तथा कार्यक्रमहरु तर्जुमा गर्नुपर्दछ । यसै परिप्रेक्ष्यमा ईन्द्रावती गाउँपालिकाको शिक्षालाई भावी दिशा निर्देश गर्न मार्गदर्शक नीतिका रुपमा यो शिक्षा नीति तर्जुमा गरिएको हो ।

## २.विगतका प्रयासहरुः

हाम्रो देशमा पहिलो पञ्चवर्षिय योजनादेखि हालसम्मका आवधिक योजनाहरु र अन्तराष्ट्रिय स्तरमा अनुमोदन गरिएका शिक्षा विकासका कार्यक्रमहरुमा प्रतिबद्धता जनाउँदै शिक्षा विकासका कार्यक्रमहरु तर्जुमा हुदै आएको छ । सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम सहश्राब्दी विकास लक्ष्य, विद्यालय क्षेत्र विकास कार्यक्रम हुदै हाल विद्यालय क्षेत्र शिक्षा योजना र दिगो विकास लक्ष्यका योजना तथा कार्यक्रम सञ्चालन भइरहेको छ । सरकारले तर्जुमा गरेका ती आयोजना तथा कार्यक्रमहरुको आधारमा रहेर साविकको शिक्षा कार्यालयमार्फत गाउँविकास समिति र स्रोतकेन्द्रले विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गरेको थिए । विद्यालयको भौगलिक दुरि शिक्षक विद्यार्थी अनुपातका आधारमा स्थानीय तह कार्यान्वयनमा आएपछि ९ वटा विद्यालय समायोजन गरिएको छ । शिक्षण सिकाइमा सुधार ल्याउने उदेश्यले १३ वटा आधारभूत विद्यालयमा एम जि एम एल कार्यक्रम लागु गरिएको छ । शिक्षा विकासका तत्कालीन कार्यक्रमहरुमा साक्षरता वृद्धि, भौतिक पूर्वाधार विकास, शिक्षक व्यवस्थापन, शिक्षकका पेशागत समस्या समाधान, निरक्षरता उन्मूलन, विद्यार्थी सिकाइ उपलब्धी, शैक्षिक समता, समावेशिताको क्षेत्रमा धेरै मात्रामा सकारात्मक परिवर्तन भएका छन् । त्यस्तै विद्यालयमा छात्रा, दलित, अतिसीमान्तकृत र अपाङ्ग बालबालिकाहरुको उपस्थितिमा राम्रो प्रगति भएको पाइन्छ ।

संघीय संरचनापश्चात स्थापित स्थानीय सरकारबाट आफ्ना जिम्मेवारी वहन गर्ने सन्दर्भमा माध्यमिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि इलोक्ट्रोनिक हाजिरीको व्यवस्था, कम्पाउन्ड सहितको सुरक्षित विद्यालय भवन निर्माण, विद्यालयको शिक्षक व्यवस्थापनका लागि अनुदानको व्यवस्था, बालविकास केन्द्रलाई व्यवस्थित र बालमैत्री बनाउने, सुरक्षित पिउने पानीको व्यवस्था मिलाउने, विद्यालयहरुमा करेसाबारी व्यवस्थापन गर्न लगाउने, सुरक्षित र बालमैत्री शौचालय निर्माण गर्ने, बालमैत्री भवन निर्माण गर्ने, केही माध्यमिक विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन, शिक्षकहरुको पेशागत क्षमता विकासको लागि तालिमको आयोजना, बालमैत्री विद्यालयको लागि आवश्यक पूर्वाधार निर्माण, विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्था, सबै विद्यालयहरुमा बुक कर्नरको निर्माण, शिक्षक र विद्यार्थीको लागि अतिरिक्त

क्रियाकलापहरु आयोजना गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । गाउँपालिकाले राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम कक्षा १ देखि कक्षा ८ सम्मको १०० पुर्णाङ्कको स्थानीय पाठ्यक्रम निमार्ण गरि लागु गरेकोछ।

गाउँपालिकाले शैक्षिक सत्र २०७५ शिक्षक अनुदानको व्यबस्था गरि वि.स.२०७६ देखि व्यबस्थित रुपमा शिक्षक अति आवश्यक भएका विद्यालयका लागि सेवा करार शिक्षक व्यवस्थापनको लागि कार्यविधि नै तयार गरी विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी वितरण  गर्दै आइरहेको छ भने बालविकास शिक्षक र विद्यालय कर्मचारीहरुको मनोबल उच्च बनाउनका लागि प्रति महिना गाउँपालिका बाट थप तलब अनुदान प्रदान गर्दै आइरहेको छ । गाउँपालिका भित्रका सवै विद्यालयमा पोशाकमा एकरुपता गराइएको, माध्यमिक तथा आधारभूत सञ्चालन भएका विद्यालयहरुमा निःशुल्क सेनेटरी प्याड वितरण गरिएको,सबै माध्यमिक विद्यालयमा भेन्डिङ मेसिनको व्यबस्था गरिएको साथै प्राथमिक उपचारको लागि First aid box उपलब्ध गराइएको, हालसम्म ४ वटा विद्यालयमा विद्यालय नर्स कार्यक्रम सञ्चालनमा रहेको छ । गाउँपालिका र गैह्रसरकारी संस्थाको समन्वय र सहयोगमा हालसम्म १५ वटा मनोरञ्जनपूर्ण बालमैत्री कक्षा कोठा व्यवस्थापन गरिनुको साथै एउटा बालविकास केन्द्रमा समेत बालमैत्रि कक्षाकोठा व्यबस्थापन गरिएको छ । स्थानीय स्तरमा नै ईन्द्रावती शिक्षा ऐन, २०७५ तथा गाउँपालिका शिक्षा योजना  निर्माण गरी प्रचलित कानुनसँग नबाझिएको हदसम्म कार्यसम्पादन गरी शिक्षा विकासका लागि केही प्रयासहरु थालनी गरिएको छ ।

## **३.बर्तमान अवस्था :**

ईन्द्रावती गाँउपालिका भित्र ५३ वटा बालविकास केन्द्र सञ्चालनमा रहेका छन् भने ३ वटा विद्यालयहरु बालविकास केन्द्र विहीन छन् । गाउँपालिका क्षेत्रभित्र ४३ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । सामुदायिक विद्यालयहरु मध्ये १२ माध्यमिक, ७ निम्नमाध्यमिक र २४ प्राथमिक तहसम्म सञ्चालित विद्यालय रहेका छन् । अनौपचारिक प्रौढ विद्यालयको रुपमा १ वर्षे माध्यमिक शिक्षा श्री राजेश्वरी माध्यमिक विद्यालयमा सञ्चालित छ । ६ वटा माध्यमिक विद्यालयमा कक्षा १२ सम्मको पठनपाठन भइरहेको छ । श्री राजेश्वरी मा वि मा कृषि सम्बन्धि १८ महिने प्राविधिक तथा व्यावसायिक तालिम प्रदान गर्दै आइरहेको छ भने

शैक्षिक सत्र २०७८ देखि श्री ऐसेलुखर्क मा वि मा कक्षा ९ देखि प्राविधिक धार कृषि तर्फ पठनपाठन सुरु भएको छ । वि स १९६० देखि सञ्चालन भएको वैदिक शिक्षा अन्तरगत पूर्वीय दर्शनमा आधारित शिक्षाको रुपमा सिन्धुपाल्चोक जिल्लाकै पुरानो विद्यालय श्री सिपातिनघरे संस्कृत माध्यमिक विद्यालय रहेको छ । उक्त विद्यालयमा कक्षा १० सम्म संस्कृत माध्यम बाट पठनपाठन भइरहेको छ । उच्च शिक्षा अन्तर्गत २ सामुदायिक क्याम्पस सञ्चालनमा रहेको छ । सो क्याम्पसमा हाल साधारण तर्फ मानविकी तथा वाणिज्य/व्यवस्थापन र शिक्षा विषयमा करिव १५० जना विद्यार्थीहरु अध्ययनरत छन् ।

शैक्षिक जनशक्ति तर्फ बालविकास केन्द्रहरुमा ५३ जना बालविकास सहयोगी शिक्षकहरु कार्यरत छन् । माध्यमिक तहमा दरबन्दी र शिक्षक अनुदान गरी ६६ जना, निम्नमाध्यमिकतर्फ ४८ र प्राथमिक तह तर्फ १९० गरी जम्मा ३५७ जना शिक्षकहरु सामुदायिक विद्यालयहरुमा कार्यरत छन् । गाउँपालिकाबाट शिक्षक व्यवस्थापनको लागि शैक्षिक सत्र २०७५ देखि ३७ जना सेवा करार शिक्षकको लागि अनुदान रकम उपलब्ध गराउँदै आइरहेको छ भने विद्यालयले आफ्नै श्रोत बाट आन्तरिक स्रोतबाट पारिश्रमिक व्यवस्थापन गरी कामकाजमा लगाइने अवस्थाको केहि विद्यालयमा बाहेक अन्त्य भएको छ । माध्यमिक विद्यालयमा १२ जना लेखाको काम गर्ने कर्मचारी र ४५ सहयोगी कर्मचारी गरी ५८ जना विद्यालय कर्मचारी प्रशासनीक तथा कार्यालयको सहायक जनशक्तिको रुपमा कार्यरत छन् । कृषि बालि विज्ञान तालिम कार्यक्रममा शिक्षक तथा कर्मचारी गरी २ जना जनशक्ति हाललाई गाउँपालिका बाट व्यबस्थापन गरिएको छ । सङ्घीय र स्थानीय सरकारबाट उपलब्ध अनुदानमा कार्यरत मध्ये करिव ९९ प्रतिशत प्रतिशत शिक्षक तालिम प्राप्त छन् । बालविकासकोहकमा गाउँपालिकाले छोटो अवधिको तालिम मार्फत बालविकास सहजकर्ताको क्षमता विकासमा सहयोग प्रदान गरेको छ ।

सामुदायिक विद्यालयतर्फ बालविकास कक्षामा ७६३, प्राथमिक तहमा २४९५, निम्नमाध्यमिक तहमा १४५०, माध्यमिक तह (कक्षा ९ र १०) मा ८५० र माध्यमिक तह (कक्षा ११ र १२)मा ४८० गरी ६०३८ विद्यार्थी अध्ययनरत रहेका छन् । संस्थागत तर्फ ३ वटा प्राथमिक तहसम्म पठनपाठन हुने विद्यालयहरु छन् । संस्थागत विद्यालयहरुमा करिव ३००

जना विद्यार्थीहरु अध्ययनरत छन ।गाँउपालिकाले गरेको पछिल्लो घरधुरी सर्वेक्षणमा अझै पनि  बालबालिका विभिन्न कारणले विद्यालय बाहिर रहेका छन् भने EMIS रिपोर्ट २०७९ का अनुसार यस गाँउपालिकामा विद्यालय गएकाहरु मध्ये पनि १२.११ प्रतिशत बालबालिकाले बीचैमा पढाइ छाड्ने गरेका र   प्रतिशत बालबालिकाहरुले कक्षा दोहोऱ्याउने गरेको देखिन्छ । शैक्षिक सत्र २०७८ मा सामुदायिक विद्यालयहरुको औसत सिकाइ उपलब्धी दर ५५.५ रहेको छ ।

विगतमा सङ्घीय सरकारको अनुदान सहयोगमा विद्यालय उमेर पार गरेका प्रौढहरुको लागि सञ्चालन भएका अनौपचारिक शिक्षा कार्यक्रमहरु समेत सञ्चालन गरी निरक्षरता हटाउने कार्यक्रमहरु सञ्चालन गरिएको थियो । फलस्वरुप हाल गाउँपालिका भित्र निरक्षर व्यक्तिको सङ्ख्या न्यून रहेको छ ।
हाल भुकम्प पछि विद्यालय संरचना पुर्ण रुपमा निमार्ण भइ सकेकाका छन भनै श्री नवलपुर माधयमिक व्दियालयको भवन निमार्णाधिन रहेको छ भने श्री पुष्पगंगा आधारभूत विद्यालयको विद्यालय भवन तथा आफ्नै स्वामित्वमा जमिन नभएकोले भवन अभाव रहेको छ । अधिकाङ्श विद्यालयमा खानेपानी तथा सरसफाईको लागि समेत पानीको सुविधा पुगिसकेको छ तर केही विद्यालयमा खानेपानी र शौचालय प्रयोगको लागि पानीको  आपूर्तिमा समस्या छ । गाउँपालिका अन्तरगत सबै सामुदायिक विदालयमा एक विद्यालय एक कम्प्युटर कार्यक्रम बमोजिम सबै विद्यालयमा कम्प्युटर प्रदान गरिएको छ । माध्यमिक तह सञ्चालित सबै विद्यालयमा कम्प्युटर ,विज्ञान प्रयोगशाला निमार्ण गरिएको छ । यस आ व २०७९।८० देखि गाउँपालिकाले विभिन्न सूचकमा आधारित भै २०८१ सम्ममा बालमैत्री गाँउपालिका घोषणा गर्ने गरी नीति तथा कार्यक्रम सञ्चालन गरेको छ ।

## ४.समस्या, चुनौति र अवसरः

ईन्द्रावती गाँउपालिकाको शिक्षा विकास र विस्तारको सवालमा केही समस्या, चुनौति र अवसरहरु रहेका छन् । विशेष गरी स्थापित बालविकास केन्द्रमा पूर्णरुपमा बालमैत्री वातावरणमा.सामग्री सहितको सिकाइ वातावरण मिलाउन नसक्नु, बालविकास केन्द्रमा काम गर्ने शिक्षकलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउन नसक्नु, दोहोरो भर्ना नियन्त्रण गर्न नसकिनु, भर्ना भएका बालबालिकाहरुलाई नियमित रुपमा

विद्यालयमा उपस्थित गराउन, टिकाउन र अर्थपूर्ण रुपमा सिकाउन नसक्नु, अभिभावक तथा वि.व्य.स.लाई दायित्व र जिम्मेवारीप्रति अपेक्षा गरे अनुसार सचेतीकरण गराउन नसक्नु, विद्यालयमा प्र.अ.को अधिकार र प्रशासनिक कुशलतामा कमी रहनु, अभिभावक तथा विद्यार्थीहरुमा पठन पाठन र शिक्षा प्राप्तिप्रति सकारात्मक धारणाको विकास गर्न नसक्नु, शिक्षण सिकाइ पद्धति अधिक रुपमा परीक्षा केन्द्रित हुनु, प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयमा लगानीको कमी हुनु, साधारण तथा प्राविधिक सीपयुक्त शैक्षिक जनशक्ति व्यवस्थापन गर्न नसक्नु, शिक्षकमा उत्प्रेरणा र पेशागत सक्षमता विकास गर्न नसक्नु, दक्ष जनशक्ति व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिकालाई प्रभावकारी हुन नसक्नु समस्याको रुपमा रहेका छन् ।

गाउँपालिकाको शैक्षिक चुनौतिहरुमा विद्यालय उमेरका सबै वालवालिकालाई विद्यालय ल्याउनु, विद्यालयमा वालमैत्री भौतिक वातावरण तयार गराउनु, विद्यालयको पठनपाठन र गुणस्तरप्रति समुदाय तथा अभिभावकको विश्वासमा जित्नु, भर्ना भएका सवै बालबालिकाहरुलाई विद्यालयमा टिकाउनु, सिकाइ उपलब्धि स्तरलाई उच्च वनाउनु, प्रविधि मैत्री सिकाइ वातावरण निर्माण गर्नु, विद्यार्थी सहभागितामुलक क्रियाकलाप गराउनु, शिक्षक विद्यार्थी अनुपात र भौगोलिक अवस्थाको आधारमा विद्यालय व्यवस्थापन गर्नु, प्राविधिक र सीपमुलक शिक्षालय स्थापना गर्नु, लगानीको वातावरण निर्माण गरी प्राविधिक र सीपमुलक शिक्षालाई रोजगारीका अवसरसँग तालमेल गराउनु रहेका छन् ।

गाँउपालिका भित्र केही महत्वपूर्ण अवसरहरु समेत रहेका छन् । त्यस्ता केही अवसरहरुका रुपमा बालमैत्री गाउँपालिका घोषणा लागि कार्यक्रम तय गरिनु, गाउँपालिकावाट पूर्वाधार विकासको लागि प्रत्येक आर्थिक वर्षमा स्रोत विनियोजन गर्दै जानु, सामुदायिक विद्यालय भौतिक संरचनाले सम्पन्न हुनु विद्यार्थी प्रोत्साहनको लागि दिवाखाजाको शुरुवात हुनु, भर्नादर र लैङ्गिक समता सुचकाङ्कमा सुधार देखिनु, धेरै जसो विद्यालयमा सुरक्षित भवन तथा बालमैत्री शौचालयको निर्माण गरिनु, विभिन्न सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरुबाट बालमैत्री कक्षा निर्माण, अभिभावक सचेतीकरण तथ शिक्षक तालिमको लगानीको प्रतिवद्धता व्यक्त गर्नु, प्राविधिक शिक्षा तथा सीप विकास तालिम प्राप्त जनशक्तिको लागि गाउँपालिका भित्रै विभिन्न रोजगारीका अवसरहरु वृद्धि हुँदै जानु र स्थानीय सरकारले शिक्षा सम्बन्धी नियम कानुनहरु तर्जुमा गर्दै जानु रहेका छन् । गाउँपालिकाले शिक्षक दरवन्दी कम भएको विद्यालयमा गाउँपालिका सेवा करार शिक्षक व्यबस्थापन गर्नु , शिक्षा क्षेत्रमा गाउँपालिकाले आफ्नो

आन्तरिक श्रोत बाट लगानि बढाउदै लैजानु शिक्षा क्षेत्रको अवसरको रुपमा लिनु पर्दछ ।

## **५. शिक्षा नीतिको आवश्यकताः**

सङ्घीय संरचना अनुसार नेपालको संविधानले माध्यमिक शिक्षासम्मको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । सविधानमा भएको व्यवस्था र आधारभूत तथा अनिवार्य शिक्षा प्राप्तिको हक सुनिश्चित गर्न तथा गाउँपालिका भित्रको शिक्षालाई सहज, सरल र समतामुलक बनाउन विगतको शिक्षा प्रणाली र ढाँचामा  परिवर्तन गर्न जरुरी छ । परिवर्तित सन्दर्भमा स्थानीय तहले आधारभूत तथा माध्यमिक शिक्षासम्मको अधिकारलाई व्यवस्थित तरिकाले कार्यान्वयन गर्न गराउन नयाँ शिक्षा नीतिको आवश्यकता परेको हो ।

त्यस्तै गरी स्थानीय आवश्यकता अनुसारको शिक्षण संस्था र शिक्षा पद्धतिको विकास गर्न, निरक्षरता तथा रोजगारी आधार तयार गर्न, पालिकाभित्रका शैक्षिक कार्यक्रमहरुको प्राथमिकीकरण गरी स्रोतको पहिचान, वितरण र व्यवस्थापन गर्न , बालमैत्री सिकाइ वातावरण निर्माण गर्न, शिक्षालाई समता र सहभागितामुलक बनाउन, विद्यालयहरुमा बालबालिकाहरु रमाएर सिक्ने सिकाउने वातावरण तयार गर्न, विद्यालयमा सुरक्षित शिक्षण सिकाइ हुने अवस्था सृजना गर्न, शिक्षालाई सीपमुलक, प्राविधिक र जीवनोपयोगी बनाउन, शिक्षामा प्रविधिको पहुँच विस्तार गर्न, गुणस्तरीय शिक्षा प्रदान गरी प्रतिस्पर्धात्मक जनशक्ति निमार्णको आधार तय गर्न शिक्षा नीतिको तर्जुमा गर्नु परेको हो  । विशेष गरी सार्वजनिक शिक्षामा समुदायको अपनत्व विकास गर्न, समुदायका सबै उमेर समूहका नागरिकहरुलाई शिक्षाको पहुँच विस्तार गर्न, शिक्षालाई सीप, जीवनोपयोगी र गुण्स्तरयुक्त बनाउन  शिक्षा नीति निर्माणको आवश्यकता महसुश गरेको हो ।

## **६. दूरदृष्टिः**

सामाजिक न्याय सहितको सभ्य, सुसंस्कृत, जीवनोपयोगी गुणस्तरीय शिक्षा ।

## ७. लक्ष्यः

विद्यालय तहको शिक्षालाई  गुणस्तरयुक्त बनाई गाउँपालिका, प्रदेश र राष्ट्रिय आवश्यकता अनुरुप प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति विकासको आधार तयार गर्ने ।

## ८. उद्देश्यः

८.१. बालविकास तथा शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासको सम्भावना प्रष्फुटन गराउन सक्ने बनाउनु ।

८.२. विद्यालय उमेरका सवै बालबालिकाहरुलाई गुणस्तरीय आधारभूत तथा अनिवार्य शिक्षाको पहुँचमा ल्याउनु ।

८.३. माध्यमिक शिक्षा निःशुल्क पँहुचका साथै प्रविधिमैत्री, गुणस्तरीय र जीवनोपयोगी बनाउनु  ।

८.४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमुलक तालिममा पहुँच विस्तार गर्नु ।

८.५. शिक्षाको पहुँच बाहिर रहेका प्रत्येक व्यक्तिलाई औपचारिक, अनौपचारिक तथा वैकल्पिक शिक्षाको अवसर प्रदान गर्ने ।

८.६. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय सिपयुक्त शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम तुल्याउनु ।

८.७. कार्यरत शैक्षिक जनशक्तिलाई, समसामयिक सीपयुक्त, प्रविधिमैत्री, जवाफदेही, इमान्दार जनशक्तिको रुपमा विकास गरी शैक्षिक सुशासन र उच्च शैक्षिक गुणस्तर कायम गर्ने ।

८.८. वृहत् विद्यालय सुरक्षा कार्यक्रमहरु कार्यान्वयन गरी विद्यालयमा हुन सक्ने प्राकृतिक प्रकोप तथा अन्य विपद् जोखिमलाई न्यूनीकरण गरी बालमैत्री भयरहित र सुरक्षित सिकाइ वातावरणको निर्माण गर्ने ।

८.९. विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM-Education) को अवधारणालाई पाठ्यक्रमको अभिन्न अङ्गको रुपमा लिई शिक्षामा श्रृजनात्मक तथा खोजमूलक अवधारणालाई आत्मसात गर्ने ।

## ९. रणनीतिः

९.१ गाउँपालिका भित्रका बालविकास उमेर समूहका सवै बालबालिकाहरुलाई आवश्यक पूर्वाधार सहितको **कम्तिमा** एक वर्षको गुणस्तरीय प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने ।

९.२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा प्रदान गर्न आधारभूत तह उमेर समूहका सवै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउने ।

९.३. आधारभूत उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा टिक्ने र सिक्ने अवसर प्रदान गर्न विद्यालयको शैक्षिक तथा भौतिक क्षेत्रमा लगानीमा बृद्धि गरी गुणस्तरीय सिकाई वातावरण निर्माण गर्ने ।

९.४. माध्यमिक तहसम्म निःशुल्क, गुणस्तरीय शिक्षा प्रदान गर्न औपचारिक तथा वैकल्पिक शिक्षालाइ विस्तार गर्ने ।

९.५ प्राविधिक शिक्षामा केन्द्र र प्रदेश सरकारको सहयोग लिइ सहकारी संघसंस्था समेतको सहभागितामा लगानी गर्ने अवसर सृजना गर्ने ।

९.७. निरन्तर शिक्षाका लागि अनौपचारिक शिक्षा र साक्षरता शिक्षालाई व्यवसाय र पेशागत सिपसँग जोड्दै निरक्षरता उन्मूलनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

९.८ अपाङ्गता भएका बालबालिकालाई उनीहरुको आवश्यकता अनुसारको शिक्षा प्राप्त गर्ने अवसर सृजना गर्न सहयोग तथा सहुलियत उपलब्ध गराउने ।

९.९. योग्य, तालिम प्राप्त, दक्ष, प्रविधिमैत्री जनशक्तिको व्यवस्थापन गरी गुणस्तरीय र प्रभावकारी शिक्षण सिकाईको अवसर निर्माण गर्ने ।

९.१०. शिक्षा सरोकारवालाहरुको सीप, दक्षता, जिम्मेवारीपन तथा दायित्व निर्वाह गर्ने भावनाको विकास गर्न तालिम, अभिमुखीकरण तथा अनुभव आदान प्रदान गर्ने अवसरहरु प्रदान गर्ने ।

९.११. प्रदेश सरकारको सहयोग तथा साझेदारीमा कार्यरत शैक्षिक जनशक्तिको सक्षमता, नवप्रर्वतन, पेशागत अद्यावधिकता तथा शैक्षिक कार्य सम्पादनलाई शिक्षकको वृत्ति विकासका कार्यक्रममा आवद्ध गराउने ।

९.१२. स्थानीय अवस्था तथा राष्ट्रिय मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालय समायोजन गर्ने साथै यातायात सुविधाको समेत व्यवस्था गरी हालको शैक्षिक जनशक्ति व्यवस्थापन र मिलान गर्ने ।

९.१३. विपद् जोखिमलाई न्युनीकरण गर्न संरचना निर्माण, प्रवलीकरण, सचेतीकरण र अभ्यास जस्ता कार्यहरु गरी बालमैत्री, भयरहित र सुरक्षित वातावरणमा अध्ययन अध्यापन गर्ने अवस्थाको निर्माण गर्ने ।

९.१४. स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय वस्तुस्थिति, वातावरण, संस्कृति, भूगोल र आर्थिक अवसरका विविध पक्षहरुका वारेमा बालबालिकालाई सुसूचित गराउने ।

९.१५. सम्बन्धित सरोकारवालाको सहभागितामा पालिकाभित्र निजी क्षेत्रको शिक्षालाई नियमन र सेवामूलक बनाउने उपाय अवलम्बन गर्ने साथै निजी क्षेत्रको साझेदारीमा विपन्न लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

९.१६. शिक्षामा सूचना प्रविधि र सञ्चार प्रविधिलाई समायानुकुल अवलम्बन गरी सिकाइ प्रक्रिया प्रभावकारी बनाइने ।

९.१७. विद्यालयमा समुदायको अपनत्वको सिर्जना गरी सार्वजनिक शिक्षाको सुदृढीकरणमा सहभागिता गराइने

९.१८. शिक्षामा STEAM शिक्षाको अवधारणामा आधारति शिक्षण सिकाईको प्रवर्द्धन गरिनेछ ।

## १०. नीति तथा कार्यनीतिः

माथि उल्लिखित गाउँपालिकाको शिक्षा सम्बन्धी दूरदृष्टि, उद्देश्य र रणनीतिको आधारमा निम्न अनुसारका नीति तथा कार्यनीतिहरु तर्जुमा गरिएको छ । यस नीतिमा व्यवस्था गरिएका बुदाँहरु प्रदेश र संघीय सरकारको लगानी र कार्यक्रममा समेत निर्भर गर्ने अवस्था रहन्छ ।

### (क) बालविकास र शिक्षा नीति

**१०.१. तीनवर्ष पुरा भएका सवै बालवालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना भई बालमैत्री वातावरणमा सिक्ने अवसर प्रदान गरिने छ । यसको लागि निम्नानुसारका कार्यनीति अवलम्वन गरिने छ :**

१०.१.१. बालविकास कक्षाका बालबालिकाहरुका लागि सुरक्षा, पोषण, खेल, श्रब्य दृष्य सामग्री, बालमैत्री कक्षाकोठा निर्माण र सरसफाई सुविधा सहित सहज सिकाइको वातावरण निर्माण गरिने छ ।

१०.१.२. सबै विद्यालयहरुमा बालविकास कक्षाको स्थापना गरिने छ, साथै २५ जना भन्दा बढी बालबालिका भएका समुदायमा समेत बालविकास कक्षा व्यवस्थापन र सञ्चालन गरिने छ ।

१०.१.३. सङ्घीय तथा प्रादेशिक सरकारबाट तोकिए अनुसारको शैक्षिक योग्यता, सीप र तालिम प्राप्त जनशक्तिलाई बालविकास कक्षाको सहजकर्ताको रुपमा नियुक्ति गरिने छ ।

१०.१.४. हाल कार्यरत योग्यता नपुगेका सहजकर्ताहरुलाई योग्यता बढाउन समय प्रदान गरिने छ साथै कार्यरत शिक्षकहरुलाई कम्तिमा १ हप्ताको तालिम दिने व्यवस्था मिलाइने छ ।

१०.१.५. बाल कक्षाका बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि अभिभावक उत्प्रेरित गर्न शिक्षा, स्वास्थ्य,सुरक्षा निकाय साथै जनप्रतिनिधिहरुको सहभागितामा अभिभावक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.१.६ प्रदेश सरकारको लागत साझेदारीमा बालविकास शिक्षकलाई राज्यले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराइने छ ।

१०.१.७. प्रदेश सरकार, स्थानीय समुदाय र विभिन्न संघसंस्थाहरुको साझेदारीमा प्रत्येक वडामा खेल तथा मनोरञ्जन सामाग्री सहितको बाल उद्यान निर्माण गरिने छ ।

**(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा नीतिः**

१०.२. **सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्न पहुँच र सहभागिता सम्बन्धी कार्यक्रम सञ्चालन गरी आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना भई सिकाइलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।**

१०.२.१. शिक्षक, वि.व्य.स, अभिभावक तथा जनप्रतिनिधिहरुको सहभागितामा शैक्षिक सत्रको सुरुवातमा विद्यार्थी भर्ना अभियान सञ्चालन गरी सेवा क्षेत्र भित्रका सबै बालबालिकाहरुलाई विद्यालयमा अनिवार्य भर्ना गर्न लगाइने छ ।

१०.२.२. आधारभूत तह उमेर समुहका बालबालिकाहरुलाई विद्यालय भर्ना नगराउने अभिभावकहरुलाई कानुनतः दण्डित गर्ने व्यवस्था मिलाइने छ ।

१०.२.३. सामान्यतया कक्षा ६ देखि ८ सम्म अध्ययन गर्ने विद्यार्थीहरुलाई एक घण्टा वा सो भन्दा बढी समय हिड्नु पर्ने बालबालिकाहरुको लागि प्रदेश सरकार समेतको सहकार्यमा आवास वा यातायात सुविधाको व्यवस्था गरिने छ ।

१०.२.४. समाजसेवी, बुद्धिजीवि साथै स्थानीय जनप्रतिनिधिहरुको सहयोगमा सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराई अनिवार्य आधारभूत शिक्षाको पहुँच सुनिश्चित भएको घोषणा गरिने छ ।

१०.२.५. गाउँपालिका भित्र निजी र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका तथा पछि सञ्चालनमा आउने विद्यालयहरुमा प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्म अध्ययन गर्न चाहने कम्तिमा १० प्रतिशत बालबालिकाहरुको लागि छात्रवृत्ति प्रदान गर्नु पर्ने व्यवस्था मिलाइने छ ।

१०.२.६. आर्थिक रुपमा विपन्न, दलित, सीमान्तकृत, सहाराविहीन आधारभूत तह उमेरका बालबालिकाहरुलाई गाउँपालिकाले आवश्यक स्टेसनरी, पोशाक र अतिरिक्त छात्रवृत्ति समेत उपलब्ध गराउने छ । संघसंस्था, व्यक्ति मार्फत प्रदान गरिने यस्ता सहयोगहरु स्थानीय सरकारवाट सिफारिश भएका बालबालिकाहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

१०.२.७. दिवाखाजा कार्यक्रमलाई स्थानीय तहबाट अनुदान थप गरी कक्षा ८ सम्म अध्ययन गर्ने

बालबालिकालाई अभिभावकको समेत लागत साझेदारीको आधारमा क्रमशः खुवाउने व्यवस्था मिलाइने छ ।

१०.२.८. गाउँपालिका भित्र स्थानीय अभिभावकको माग र लागत सहभागिताको आधारमा आधारभूत तह सम्म संचालित विद्यालयलाई अंग्रेजी माध्यममा अध्यापन गर्ने विद्यालयको रुपमा विकास गर्न जनशक्ति व्यवस्थापन गर्न विषेश अनुदान दिने व्यवस्था मिलाइने छ ।

१०.२.९. सबै आधारभूत विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, शौचालय, पुस्तकालय, पानी, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार सहित बालमैत्री वातावरण निर्माण गर्न आवस्यक अनुदान दिने व्यवस्था मिलाइने छ ।

१०.२.१०. एकल भाषिक समुदाय बसोवास गर्ने स्थानमा कक्षा ५ सम्म स्थानीय मातृभाषामा शिक्षा प्रदान गरी उनीहरुको लिपि, भाषा, साहित्य एवम् संस्कृति संरक्षण, विकास गर्न प्रोत्साहन गरिने छ ।

१०.२.११. एकल जातीय समुदाय भएका विद्यालयहरुमा कम्तीमा प्राथमिक तहसम्म मातृभाषामा पठन पाठनगर्न सक्ने शिक्षकको व्यवस्थापन गरिने छ ।

१०.२.१२. स्थानीय पाठ्यक्रम निर्माण गरी गाउँपालिकाको आधारभूत क्षेत्रको बारेमा पठनपाठन गर्ने व्यवस्था गरिने छ ।

१०.२.१३ आधारभूत तह सञ्चालित विद्यालयहरुमा कार्यसम्पादनमा आधारित अनुदानको व्यबस्था गरिनेछ । यसका साथै विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा रहेका अतिरिक्त क्रियाकलापलाई शिक्षण सिकाइको परिपुरकको रुपमा कार्यान्वयन

गर्न विद्यालयहरुलाई थप अनुदानको व्यबस्था मिलाइनेछ ।

१०.२.१४गाउँपालिका भित्र शिक्षक विद्यार्थी अनुभव आदन प्रदान तथा विद्यार्थीमा श्रम प्रति सकारात्मक धारणाको विकास गर्न र आत्मानुशासनको विकास गर्न व्यवहारिक शिक्षाको विकास गरिनेछ ।

**(ग) माध्यमिक तथा प्राविधिक शिक्षा नीति :**

**१०.३. माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गरी विद्यार्थीको रुचि उन्मुख प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसर प्रदान गर्दै शिक्षालाई सीपसँग आवद्ध गरिने छ ।**

१०.३.१. माध्यमिक शिक्षा प्राप्त गर्न चाहने सबैको लागि निःशुल्क शिक्षाको पहुँच सुनिश्चित गर्न प्रदेश सरकारको समेत सहयोगमा कार्यक्रम सञ्चालन गरिने छ ।

१०.३.२. माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय, खेल सामग्री, शैक्षिक सामग्रीहरु र कम्प्यूटर शिक्षाको व्यवस्था मिलाई गुणस्तरीय शिक्षा प्रदान गरिने छ ।

१०.३.३. सङ्घीय तथा प्रादेशिक सरकारको सहयोगमा सवै माध्यमिक विद्यालयहरुमा भर्चुअल कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

१०.३.४. गाउँपालिकाबाट सञ्चालित तथा सञ्चालन हुन चाहने संस्थागत विद्यालयहरुले गाउँपालिकाको सिफारिसमा आर्थिक रुपले विपन्न, गरिब, दलित तथा सीमान्तकृत समुदायका बालबालिकालाई ऐन, नियमावलीले तोके बमोजिमको सङ्ख्यामा निःशुल्क शिक्षा प्रदानगर्ने व्यवस्था मिलाइने छ ।

१०.३.५. गाउँपालिका भित्र सञ्चालनमा रहेका भवन, शौचालय, प्रयोगशाला ,पुस्तकालयको सुविधा पूरा

भएको एउटा विद्यालयमा कक्षा १२ सम्म विज्ञान विषय अध्यापन गर्न आवश्यक अनुदान रकम उपलब्ध गराइने छ ।

१०.३.६ स्थानिय अभिभावकको माग, विद्यार्थीको इच्छा, प्राप्त पूवार्धार र आवस्यकताको आधारमा कक्षा ९ देखि नै रोजगारमूलक प्राविधिक तथा व्यवसायिक सिप सम्वन्धि विषयको पठन पाठन गर्न प्रोत्साहन गरिने छ ।

१०.३.७. नक्साङ्कनको आधारमा माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा वा प्राविधिक तथा सीपमुलक विषयमा ३ वर्षे डिप्लोमा कक्षा सञ्चालन गर्न इच्छुक विद्यालय छनौट गरी शिक्षक तथा भौतिक सुविधा व्यवस्थापनको लागि अनुदान उपलब्ध गराइने छ ।

१०.३.८. स्थानीय स्तरमा सञ्चालन नभएको विषयमा प्राविधिक तथा व्यवसायिक विषयमा डिप्लोमा सम्म अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था मिलाइने छ ।

१०.३.९. गाउँपालिका भित्र बसोवास गर्ने एमबिबिएस गर्ने विद्यार्थीको लागि रु पाँच लाख तथा इन्जिनियरीङ र कृषि विषय अध्ययन गर्ने विद्यार्थीहरुको लागि सरकारी विद्यालयमा अध्ययन गरेको भए रु तीन लाख सम्म अनुदान उपलब्ध गराइने छ ।

१०.३.१०. व्यवसायिक तथा व्यवहारिक शिक्षामा आधारित करेसाबारी खेती सम्बन्धि शिक्षा कार्यक्रम सञ्चालन गर्न पर्याप्त पूर्वाधार भएका इच्छुक विद्यालयलाई अनुदान उपलब्ध गराइने छ ।

१०.३.११. आठ कक्षा पास गरेका सीप विकास तालिम लिन चाहनेहरुको लागि स्थानीय आवश्यकता बजारको मागको आधारमा स्थानीय संघसंस्था, उद्योग,

कम्पनी समेतको स्रोत व्यवस्थापनमा अटोमेकानिक्स, प्लम्बिङ, टिभी, मोवाइल, कम्प्यूटर, वायरिङ सम्वन्धि मर्मत र सिप विकाशको लागि छोटा समयको सिप विकाश तालिम केन्द्र सञ्चालन गरी सीप प्रमाणिकरणको लागि आवश्यक प्रवन्ध गरिने छ ।

१०.३.१२. गाउँपालिका भित्र सञ्चालित प्राविधिक शिक्षा लिन चाहने वा सीपमुलक तालिम प्राप्त गर्न चाहने दुर्गममा बस्ने, आर्थिक रुपमा विपन्न, दलित, सिमान्तकृत, सहाराविहीन विद्यार्थीको लागि छात्रवृत्ति प्रदान गरिने छ ।

१०.३.१३. सङ्घीय र प्रदेश सरकारको सहयोगमा आधारभूत तथा माध्यमिक तहसम्म सञ्चालित विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गर्दै उच्च गतिको इन्टरनेट सेवा क्रमशः विस्तार गर्दै लगिने छ ।

१०.३.१४ संस्कृत शिक्षालाई पुर्विय दर्शनको रुपमा विकास गर्दै पुर्विय सभ्यता, ज्ञान र सीप,संस्कृती तथा रहनसहनको संरक्षण समवद्धन तथा विकासका लागि माध्यमिक तह सम्मको शिक्षा संस्कृत धारको विकासमा जोड दिइनेछ ।

**(घ) समावेशी र विशेष शिक्षा नीति :**

**१०.४. विभिन्न कारणवाट अपाङ्गता भएका, आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउन आरक्षण, प्राथमिकता तथा प्रोत्साहनका उपायहरु अपनाइ माध्यमिक तहसम्म क्षमता र योग्यताको आधारमा निःशुल्क शिक्षाको अवसर प्रदान गरिने छ ।**

१०.४.१. अपाङ्गमैत्री विद्यालय भवन, शौचालय तथा फर्निचरहरु निर्माण गरिने छ साथै विपद् व्यवस्थापनका सबै चरणहरुमा त्यस्ता

बालबालिकाहरुको सुरक्षाको लागि आवस्यक व्यवस्था गरिने छ ।

१०.४.२. प्रत्येक विद्यालयमा लैङ्गिक फोकल पर्सन साथै गुनासो पेटिकाको व्यवस्था गरी अभिभावक तथा बालबालिकाहरुको समस्या सुनुवाइ गर्ने व्यवस्था गरिने छ ।

१०.४.३. अपाङ्ग र अशक्त बालबालिकाहरुको आवश्यकताको आधारमा पाएक पर्ने स्थानमा निःशुल्क पठनपाठन गर्ने अवसर प्रदान गरिने छ ।

१०.४.४. माहिनावारी स्वच्छता व्यवस्थापनको लागि आधारभूत तथा माध्यमिक विद्यालयमा सेनेटरीप्याड उपलब्ध गराइने छ ।

१०.४.५. शैक्षिक संस्थाहरुमा हुने छुवाछुत, बालश्रम र लैङ्गिक हिंसा एवम् दुर्व्यवहारको विरुद्धमा विद्यालय तथा संघसंस्थाहरुको सहयोगमा सचेतना कार्यक्रम सञ्चालन गरिने छ साथै यस्ता अमानवीय कार्य गर्नेहरुलाई कार्यविधि नै निर्माण गरी दण्डीत गर्ने व्यवस्था मिलाइने छ ।

१०.४.६. गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा लैंङ्गिक, अल्पसङ्ख्यक तथा विशेष शिक्षासँग सम्बन्धित पक्षको सहभागितालाई विशेष प्राथमिकता दिइने छ ।

१०.४.७. विद्यालय उमेर पुगिसकेका तर शिक्षालाई निरन्तरता दिन चाहनेहरुलाई खुल्ला विद्यालयमा अध्ययन गर्न सहजीकरण गरिने छ ।

**(ङ) अनौपचारिक तथा निरन्तर शिक्षा नीतिः**

**१०.५. विभिन्न कारणले औपचारिक शिक्षाको अवसरवाट वञ्चित १५ देखि ६० वर्षसम्मका सबै निरक्षर किशोर किशोरी**

**तथा प्रौढहरुलाई लक्षित गरी सङ्घीय, प्रदेश सरकारको सहयोगमा उनीहरुलाई पायक पर्ने स्थानमा सारक्षरता तथा साक्षरोत्तर शिक्षा प्रदान गर्न साक्षरता कक्षा तथा पुस्तकालयको स्थापना गरी निरन्तर शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।**

१०.५.१. पालिका अर्न्तगत सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुलाई स्रोतयुक्त र व्यवस्थित गराई अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने केन्द्रको रुपमा विकासित गरिने छ ।

१०.५.२. आवश्यकता र मागको आधारमा थप सामुदायिक अध्ययन केन्द्र स्थापना गरिने छ र तिनै केन्द्रहरु मार्फत् अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्दै लगिने छ ।

१०.५.३. खुला शिक्षाको अवसर प्रदान गर्नको लागि २ विद्यालयमा पुस्तकालय सहित मल्टिमिडिया र अनलाइन मार्फत अध्ययन गर्ने व्यवस्था मिलाइने छ । साथै पालिकाको केन्द्रमा एउटा पूर्ण सुविधा सहितको इ लाइब्रेरी स्थापना गरिने छ ।

१०.५.४. गाउँपालिका भित्र कक्षा ९ देखि १२ कक्षामा अध्ययन गर्ने विद्यार्थीहरुलाई ५ जना निरक्षरलाई साक्षर बनाए वापत आन्तरिक मूल्याङ्कन तर्फ १५ अंक प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

१०.५.५. अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका कक्षा सञ्चालन गर्न चाहने सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरु र सामुदायिक सिकाई केन्द्रलाई अनुमति प्रदान गर्नुको साथै कार्य प्रभावकारिताको आधारमा आर्थिक प्रोत्साहन समेत गरिने छ ।

(च) **जनशक्ति व्यवस्थापन नीतिः**

**१०.६. सबै विद्यालयहरुमा आवश्यकताको आधारमा केन्द्र र प्रदेश सरकारको समेत सहयोगमा योग्य र सृजनशील जनशक्तिको व्यवस्थापन गरी उनीहरुको सक्षमता विकासका लागि विविध कार्यक्रमहरु सञ्चालन गरिने छ । पेशागत नैतिकता तथा जिम्मेवारीको बोध गराई सीप र कार्यक्षमतालाई विद्यार्थीहरुको सिकाइ उपलब्धिसँग आवद्ध गरिने छ ।**

१०.६.१. सङ्घीय तथा प्रदेश सरकारको समेत समन्वयमा विद्यालयको भौगोलिक अवस्था, विद्यार्थी संख्या, कार्यरत शिक्षक संख्या, शिक्षक विद्यार्थी अनुपातका आधारमा तोकिएका शर्तहरु तथा बन्देजहरु पालन गर्ने विद्यालयलाई शिक्षक व्यवस्थापन अनुदान वितरण गरिने छ ।

१०.६.२. विद्यालय नक्साङ्कन, विद्यार्थी शिक्षक अनुपात तथा भौगोलिक विकटताको आधारमा विद्यालय गाभ्ने, तह घटाउने वा ठुला स्कूल स्थापना गरी शिक्षक व्यवस्थापन गरिने छ ।

१०.६.३. भौगोलिक अवस्था हेरि, विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरु मर्ज गरी सहजताको लागि यातायात सञ्चालनको व्यवस्था गरिने छ ।

१०.६.४. सकेसम्म घरपायक मिल्ने गरी प्रत्येक वर्ष १० प्रतिशतका दरले शिक्षक सरुवा गरिने छ साथै ५ बर्षमा अनिवार्य सरुवा गर्न सक्ने व्यवस्था मिलाईने छ । यसको लागि शिक्षक दरवन्दी मिदान सम्बन्धी मापदण्ड बनाई लागु गरिनेछ ।

१०.६.५. स्थानीय सरकारवाट अनुदान प्राप्त गरी शिक्षक नियुक्ति गर्दा आधारभूत तह कक्षा ५ सम्म स्थानीय भाषामा पठनपाठन गर्न सक्ने शिक्षकलाई करार नियुक्तिमा प्राथमिकता दिइने छ ।

१०.६.६. महिला शिक्षक प्रसुती बिदामा वसेको समयमा पठनपाठनलाई निरन्तरता दिन प्रसुती बिदा व्यवस्थापन कोष खडा गरी बिदा अवधि भरको लागि नेपाल सरकारले तोके बमोजिमको न्यूनतम पारिश्रमिक उपलब्ध गराइने छ ।

१०.६.७. प्रधानाध्यापक छनौटको लागि आवस्यक योग्यता प्राप्त शिक्षकहरु विच नेतृत्व परीक्षण परीक्षा संचालन गरिने छ र सफल शिक्षकहरुको रोस्टर तयार गरी तिनीहरुबाट प्राप्त विद्यालय विकास प्रस्तावको आधारमा करार सम्झौता गरी नियुक्ति प्रदान गरिने छ ।

१०.६.८ आफुले अध्यापन गरेको विषयमा उत्कृष्ट नतीजा ल्याउन सफल शिक्षकलाई सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ ।

**(छ) सक्षमता विकास र गुणस्तर अभिवृद्धि नीतिः**

**१०.७. शिक्षक, प्रधानाध्यापक, वि.व्य.स तथा अभिभावकहरुलाई विद्यालयको गुणस्तर अभिवृद्धिमा सहयोग पुर्‍याउने किसिमका तालिम, कार्यशाला, अभिमुखीकरण, विषयगत भेला आयोजना गरी कार्यसक्षमता बढाउन प्रोत्साहन गरिने छ ।**

१०.७.१. संघीय तथा प्रदेश सरकारको समेत सहभागितामा प्रत्येक वर्ष कम्तिमा २० प्रतिशत प्रधानाध्यापक, शिक्षक तथा बालविकास शिक्षकलाई ५ दिवसीय तालिम प्रदान गरिने छ ।

१०.७.२. आधारभूत तहमा अध्यापन गर्ने शिक्षकको लागि बहुकक्षा शिक्षण, कक्षा शिक्षण र विषय शिक्षण शिक्षण सम्वन्धि दक्षता हासिल गराउने तालिम कार्यक्रमहरु संचालन गरिने छ ।

१०.७.३. प्रधानाध्यापकको कार्य प्रभावकारीताको लागि समूह छलफल, अन्तरक्रिया साथै तालिमका अवसरहरुमा सहभागी गराइने छ ।

१०.७.४. प्रधानाध्यापक तथा लेखा कर्मचारीलाई कम्तिमा २ वर्षको १ पटक लेखा व्यवस्थापन तथा प्रशासनिक क्षमता विकासको लागि तालिम प्रदान गरिने छ ।

१०.७.५. प्रत्येक विद्यालयमा कम्प्युटर, ल्यापटप र प्रिन्टर उपलब्ध गराइ कम्प्युटर प्रणालीमा अभिलेखीकरण गरिने छ ।

१०.७.६. ५० वर्ष माथिका र २० वर्ष सेवा शिक्षक अवधि पुरा गरेका शिक्षक तथा तथा कर्मचारीहरुले स्वैच्छिक अवकाश लिन चाहेमा विशेष सुविधा सहित ससम्मान बिदाई गर्ने व्यवस्था गरिने छ ।

१०.७.७. गुणस्तर निर्धारक सूचकाङ्क निर्माण गरी शिक्षक तथा प्रधानाध्यापकसंग कार्यसम्पादन करार सम्झौता गरिने छ ।

१०.७.८. प्रदेश सरकारको समेत सहयोगमा कक्षा ८ सम्म सञ्चालित विद्यालयमा घुम्ती नर्सको व्यवस्था गरिने छ र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयमा प्राथमिक उपचार सामग्री उपलब्ध गराइने छ

१०.७.९. विद्यालय सुधार, व्यवस्थापन, सञ्चालन तथा गुणस्तर अभिवृद्धि सम्वन्धमा अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षा शाखाका कर्मचारीहरु बिच कम्तिमा महिनाको एक पटक संयुक्त अन्तरक्रिया र छलफल गर्ने व्यवस्था मिलाइने छ ।

१०.७.१०. संस्थागत सक्षमता तथा गुणस्तर अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समितिका पदाधिकारी,

अभिभावक र प्रधानाध्यापकहरुलाई सक्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०.७.११. विद्यालय पाठ्यक्रमको गुणस्तरीयतालाई कार्यान्वयन गर्न शैक्षिक सामग्रीमा आधारित शिक्षण, परियोजना कार्य, प्रयोगात्मक अभ्यास, समूहकार्य जस्ता रचनात्मक एवम् सृजनात्मक पक्षलाई ध्यान दिई विद्यार्थीको प्रत्यक्ष सहभागितामा ज्ञान, सीप, क्षमता र सोच विकास गर्ने असल अनुभवहरु आदान प्रदान गर्ने अवसर प्रदान गरिने छ ।

१०.७.१२ विद्यार्थीका दैनिक क्रियाकलाप अवलोकन, मौखिक मूल्याङ्कन, परियोजना कार्य र प्रस्तुतिकरण, प्रतिवेदन लेखन र सिर्जनात्मक अभ्यासलाई विद्यार्थी मूल्याङ्कनका आधारको रुपमा समावेश गरिने छ

१०.७.१३. प्रधानाध्यापक, शिक्षक, वि.व्य.स पदाधिकारीहरु तथा गाउँपालिका पदाधिकारीहरुलाई शैक्षिक भ्रमण गराइ अन्य विद्यालय तथा जिल्लाम गरिएका शिक्षा सम्बन्धि असल अभ्यासहरु हेर्ने, सिक्ने, अन्तरक्रिया गर्ने र अनुभव आदान प्रदान गर्ने र पेशागत साझेदारीको विकाश गर्ने अवसर प्रदान गरिने छ ।

१०.७.१४. शिक्षकले प्रत्येक दिनको शिक्षण योजना अनिवार्य रुपमा निर्माण गरी शिक्षण गर्नु पर्ने व्यवस्था मिलाइने छ ।

१०.७.१५. सूचना प्रविधि प्रयोग गरी नियमित शिक्षण गर्न प्रतिवद्ध माध्यमिक तहका शिक्षकलाई ल्यापटप वितरण साथै विद्यार्थी केन्द्रित शिक्षाणको लागि स्मार्टफोन, ट्यावलेट र प्रोजेक्टर आदिको प्रयोगमा जोड दिइने छ । कार्य प्रभावकारिताको नियमित अनुगमन गरी त्यसको विस्तार गरिने छ ।

१०.७.१६. विभिन्न विषयका शिक्षण सामग्री सङ्कलन, निर्माण, प्रदर्शन र प्रयोग गर्ने विद्यार्थी, शिक्षक तथा विद्यालयलाई प्रोत्साहन साथै पुरस्कृत गरिने छ ।

१०.७.१७. विषयवस्तुमा विशेष दख्खलप्राप्त, विशेष क्षमता तथा अनुकरणीय सिप प्राप्त शिक्षकहरुको समूह बनाई अन्य विद्यालयमा गई प्रदर्शन शिक्षण गर्ने व्यवस्था मिलाइने छ ।

१०.७.१८ खेलकुद तथा संगित,बाद्यबादनको विकासका लागि गाउँपालिका भित्र खेल र संगित शिक्षकको व्यबस्था गरि घुम्ति शिक्षा प्रदान गर्ने व्यबस्था गरिनेछ ।

**(ज) सुशासन तथा जवाफदेहिता नीतिः**

**१०.८. पेशागत नैतिकता तथा जिम्मेवारीको बोध गराउनुको साथै पेशागत सक्षमताको अभिवृद्धि गरी उनीहरुको सीप, कार्यक्षमतालाई विद्यार्थीहरुको सिकाइ उपलब्धिसँग एकाकार गराउने नीति अवलम्वन गरिने छ ।**

१०.८.१. शिक्षकहरुले आवधिक शिक्षण तथा सिकाई सुधार योजना(Teaching Learning Improvement Plan TLIP) निर्माण गरी कार्यान्वयन गर्ने र सो को नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइने छ ।

१०.८.२. विज्ञ शिक्षक समूहबाट विषयगत शिक्षण सिकाइको सुपरिवेक्षण र पृष्ठपोषण प्रदान गर्ने कार्यलाई प्रभावकारी एवम् परिणाममुखी बनाइने छ ।

१०.८.३. विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलाप सम्बन्धमा गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सहक्रियाकलाप सञ्चालन गर्ने कार्यहरुमा शिक्षकको सक्रियता वृद्धि गरिने छ ।

१०.८.४. विद्यालय व्यवस्थापन समितिको भूमिका तथा दायित्वको पुनरावलोकन गरी विद्यालय र समुदायका बीच सम्बन्ध निर्माण गर्न, नीतिगत निर्णय गर्न, सरोकारवालाहरु बीच पुलको काम गर्न र विद्यालयका लागि सहयोग जुटाउन जिम्मेवार र जवाफदेही बनाइने छ ।

१०.८.५. सार्वजनिक विद्यालयको अनिवार्य रुपमा सामाजिक परीक्षण र लेखा परीक्षण गरी सोको प्रतिवेदन अभिभावक भेलामा अनिवार्य रुपमा सार्वजनिक गर्नु पर्ने व्यवस्था गरिने छ ।

१०.८.६. सबै तह र प्रकारका शिक्षण संस्थामा काम गर्ने शिक्षक, प्रधानाध्यापक तथा कर्मचारी र पदाधिकारीको पेसागत आचारसंहिता तयार गरी लागु गरिने छ ।

१०.७.७. प्रधानाध्यापकले प्रत्येक वर्षको कार्य योजना तयार गरी गाउँपालिकावाट स्वीकृत गराई सोही बमोजिम कार्य सञ्चालन गर्ने व्यवस्था गरिने छ । प्रधानाध्यापकको कार्यक्षमता र कार्यभारको आधारमा शिक्षण भार कटौती गरी अतिरिक्त प्रोत्साहन भत्ता समेत प्रदान गरिने छ ।

१०.७.८. करार सम्झौता बमोजिम कार्यसम्पादन गर्न नसक्ने प्रधानाध्यापकको करार सम्झौता कुनै पनि समय रद्ध गरी फिर्ता गर्न सकिने छ । ७५ प्रतिशत भन्दा धेरै करार शर्त पूरा गर्ने प्र.अ. लाई अतिरिक्त भत्ता रकम प्रदान गर्ने व्यवस्था गरिने छ ।

१०.८.९. विद्यालय, प्र.अ, शिक्षक, विद्यार्थी, व्यवस्थापन समितिलाई वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ । यस प्रयोजनका लागि मूल्याङ्कन

सूचकहरु साथै निष्पक्ष मूल्याङ्कन संरचना निर्माण गरिने छ ।

१०.८.१०. गाउँपालिका अन्तर्गतका शिक्षकहरुमध्येबाट हरेक वर्ष शिक्षक (Teacher of the year)घोषणा गरिने छ । त्यस्ता शिक्षकहरुलाई नगद र प्रमाणपत्रबाट प्रोत्साहन गरिने छ ।

१०.८.११. स्थानीय तहबाट आवधिक रुपमा सबै प्रकृतिका विद्यालयको कक्षा ३, ५ र ८ को वाह्य परीक्षा सञ्चालन र प्रमाणिकरण गर्ने व्यवस्था मिलाइने छ ।

१०.८.१२. गाउँपालिका अन्तगर्त शिक्षक तथा विभिन्न सरकारी सेवामा कार्यरत शिक्षक, कर्मचारी र जनप्रतिनिधिका सन्ततिहरुलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयहरुमा अध्ययन गर्नु पर्ने व्यवस्था मिलाइने छ ।

१०.८.१३. विद्यार्थी संख्या, विद्यालय समुदाय सम्बन्ध, सिकाइ उपलब्धि, वातावरण, जनशक्ति व्यवस्थापन, विद्यालयको तह, परीक्षाको परिणाम, गुणस्तर, खेलकुद, अतिरिक्त क्रियाकलापतथा सहक्रियाकलाप, व्यवस्थापकीय कुशलता तथा प्रभावकारिताका आधारमा विद्यालयको स्तर निर्धारण गरिने छ र सो को आधारमा अनुदान वितरण, उत्कृष्ट विद्यालय घोषणा र पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।

१०.८.१४. प्रधानाध्यापक, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन प्रक्रियालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन विद्यार्थीहरुको सिकाइ उपलब्धि र व्यवहासँग जिम्मेवारहुने व्यवस्था मिलाइने छ ।

१०.८.१५. ट्युसन सेन्टर, कोचिङ्ग कक्षा, भाषा शिक्षण कक्षा र छात्रावास समेतका शैक्षिक कार्यक्रम सञ्चालन

सम्बन्धमा अनुमति तथा नियमनका कार्यहरु गरिने छ ।

**(झ) भय रहित, बालमैत्री, स्वच्छ विद्यालय वातावरण र विपद् व्यवस्थापन नीतिः**

**१०.९. स्तरीय मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निमार्ण गरी विपद् उत्थानशील बनाइनुका साथै पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रिया, शिक्षक व्यवहारमा सुधार गरी विद्यालयलाई सुरक्षित तथा बालमैत्री बनाइने छ ।**

१०.९.१. वृहत् विद्यालय सुरक्षाका लागि विद्यालयको क्षमता विकास गर्नुको साथै गैह्र संरचनात्मक अल्पीकरण, पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई वार्षिक कार्यतालिकामा राखी नियमिति रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

१०.९.२ सवै विद्यालयहरुमा सुरक्षित र बालमैत्री भवन निर्माण, विद्यालय घेरावार, सुरक्षित खानेपानीको व्यवस्था मिलाइने छ । विद्यालय संरचना तथा फर्निचर व्यवस्थापनको लागि गाउँपालिकामा एउटा मर्मत संभार कोषको व्यवस्था गरी मर्मत संभारको लागि अनुदान दिने व्यवस्था मिलाइने छ ।

१०.९.३. नयाँ भौतिक संरचना बालमैत्री तथा अपाङ्गमैत्री हुने गरी निर्माण गरिने छ ।

१०.९.४. विद्यालयलाई भयरहित, हिंसारहित, बालमैत्री, छात्रामैत्री, सुरक्षित सिकाइ केन्द्रको रुपमा विकास गर्न विभिन्न संघसंस्थाहरुको सहयोगमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०.९.५. विद्यालय शान्ति क्षेत्रको अवधारणालाई कार्यान्वयन गर्दै शिक्षालयहरुलाई दण्डरहित शिक्षण सिकाइ

गर्ने थलोको रुपमा विकास गरिने छ । विद्यालयमा बालप्रतिनिधि सहितको बालहीत तथा बालन्यायको लागि एक बाल न्याय तथा मनोसामाजिक परामर्श समिति गठन गरिने छ ।

१०.९.६. विद्यालयमा अध्ययन गर्ने अभिभावकविहीन तथा आर्थिक रुपमा विपन्न बालबालिकाको उद्धार, राहत तथा न्यूनतम शैक्षिक आवश्यकता परिपूर्ति गर्न गाउँपालिकामा स्थापना भएको बालकोषलाई प्रभावकारी रुपमा परिचालन गरिने छ ।

१०.९.७. विद्यालयमा हरित तथा स्वच्छ वातावरण सिर्जना गर्नका लागि "एक विद्यालय, एक फूलबारी" सहितको हरित विद्यालय अवधारणाको प्रभावकारी कार्यान्वयन गरिने छ । यसका लागि विद्यालयमा हरित इको क्लवको गठन तथा परिचालन गरिने छ ।

१०.९.८. विद्यार्थी तथा शिक्षकहरुमा रहेका अन्तर्निहित प्रतिभा प्रष्फुटन गर्ने तथा विशेष प्रतिभा पहिचान र विकासको लागि विद्यालय तथा गाउँपालिका स्तरमा अतिरिक्त क्रियाकलापहरु अनिवार्य रुपमा आयोजना गर्ने व्यवस्था मिलाइने छ ।

१०.९.९. प्रत्येक विद्यालयमा प्रार्थनाको समयमा विपद् जोखिम न्युनीकरण, लैङ्गीक हिंसा,अनुसाशन, बालहिंसा न्यूनीकरण, जातीय विभेद, सामुदायिक सद्भाव, बालमैत्री र गाउँपालिकाका विविध पक्षको बारेमा कम्तीमा ५ मिनेट सम्बन्धित शिक्षकवाट जानाकारीमुलक सन्देश प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

**(ञ) अनुगमन, सुपरीवेक्षण :**

**१०.१० विद्यालय अनुगमन, निरीक्षण तथा सूपरीवक्षणमा शैक्षिक सरोकारवालाहरुलाई सहभागि गराई विद्यालय संचालन सहयोगी तथा नियमन पद्धतिको विकाश गरिने छ ।**

१०.१०.१. स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरुलाई विद्यालयको स्रोत व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण, आधारभूत तहको परीक्षा व्यवस्थापन, विद्यालय र शिक्षकहरुको मूल्याङ्कन लगायत स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने शैक्षिक व्यवस्थापन, अनुगमन तथा नियमनसँग सम्बन्धित क्रियाकलापहरुमा सहभागी गराइने छ ।

१०.१०.२. विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणलाई आवस्यक जनशक्ति व्यवस्थापन गरी मापदण्ड र सूचकको आधारमा प्रभावकारी र नतिजा मूलक बनाउन कार्यक्रमहरु सञ्चालन गरिने छ । विद्यालय, शिक्षक, प्रधानाध्यापक, विद्यार्थी र कर्मचारी पूरस्कृत वा दण्डित गर्नु पर्दा अनुगमन तथा सुपरीवेक्षणको प्रतिवेदनलाई मुख्य आधारको रुपमा लिइने छ ।

१०.१०.३. सुपरीवेक्षक, विज्ञ शिक्षक, प्रधानाधानाध्यापक, रोस्टर शिक्षक, विषय विषेशज्ञबाट पठनपाठन, विद्यालय वातावरण, अभिलेखीकरण, विद्यार्थी क्रियाकलाप, शिक्षकका सृजनात्मक क्रियाकलापको सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

१०.१०.४. शिक्षा शाखा कर्मचारी, विज्ञ शिक्षक तथा स्थानीय जनप्रतिनिधीहरुको संयुक्त अनुगमन तथा सुपरिवेक्षण समूह निर्माण गरी कार्ययोजना सहित विद्यालयको आकस्मिक अनुगमन तथा सुपरीवेक्षण गरिने छ ।

१०.१०.५. गाउँपालिका अन्तर्गतका निजी विद्यालयहरुमा ऐन, कानुन, पालन भए नभएको अनुगमन, नियमन, सुपरिवेक्षण गरिने छ ।

१०.१०.६. स्नातकोत्तर तह उत्तीर्ण गरेका कम्तिमा १० वर्ष स्थाई सेवा अवधि पुरा गरेका माध्यमिक तहका शिक्षकहरुलाई निरीक्षक तथा सुपरीवेक्षकको रुपमा कामकाज लगाइने छ प्रत्येक महिना सवै विद्यालयमा उपस्थित भई विद्यालयको यथार्थ अवस्थाको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था मिलाईने छ ।

**(ट) शिक्षामा लगानी नीतिः**

**१०.११. शिक्षा बजेट र कार्यक्रमको पुनःसंरचना गर्ने तथा विभिन्न तह वा निकायबाट उपलब्ध हुने अनुदान, सहयोग तथा लगानी र कामको दोहोरोपना कम गर्न विभिन्न क्षेत्रवाट प्राप्त हुने सक्ने सहयोगको बारेमा खोजी गर्न सार्वजनिक जवाफदेहिता अवलम्बन गर्दै लगानी र खर्चमा एकद्वार पद्धतिको अवलम्वन गरिने छ ।**

१०.११.१. शैक्षिक लगानी व्यवस्थापन, वितरण र विनियोजनको लागि संघीय मापदण्ड र स्थानीय स्रोतलाई ख्याल गरी आधार तय गरिने छ ।

१०.११.२. विद्यालयलाई निश्चित मापदण्ड, प्राप्त अनुदानको प्रयोगको अवस्था, विद्यालयको आवश्यकता र कार्य सफलताको प्रतिवद्धताको आधारमा स्रोत वितरण गरिने छ ।

१०.११.३. शिक्षामा आन्तरिक श्रोतको बजेट वृद्धि गर्दै न्यूनतम १५ प्रतिशत विनियोजित गरिने छ । स्थानीय शिक्षा कोषको व्यवस्था गरी परिचालनको कार्यविधि निर्माण गरिने छ ।

१०.११.४. विद्यालयहरुमा अभिभावक, शिक्षासेवी, पूर्व विद्यार्थी, व्यापारी, व्यक्ति वा संस्थाले समेत स्वैच्छिक योगदान गर्न सक्ने गरी विद्यालय कोष स्थापना गरिने छ । शिक्षा समितिको

निर्णयवाट मात्र कोषको रकम वितरण गर्ने व्यवस्था मिलाइने छ ।

१०.११.५ सबै प्रकारका विद्यालय तथा शिक्षालयहरुको आर्थिक कारोवार बैंकिङ प्रणालीमार्फत गर्दै पारदर्शी र व्यवस्थित बनाइने छ ।

१०.११.६. हरेक शिक्षण संस्थाहरुले विभिन्न आर्थिक र अन्य स्रोत परिचालन गरी गाउँशिक्षा कोष स्थापना गरी सो कोषमा समाजसेवी, चन्दादाता, पूर्व विद्यार्थी, व्यापारी वा अन्य दातृसंस्था,व्यक्ति वा निकायबाट शिक्षण संस्थाको विकासको निमित्त दान वा आर्थिक सहयोग लिनसक्ने कानूनीव्यवस्था गरिने छ ।

१०.११.७. शिक्षामा निजी क्षेत्रको लगानीको सुरक्षा, संरक्षण र संवर्द्धन गर्दै यसलाई सेवामूलक बनाउनुका साथै सार्वजनिक उत्तरदायित्व वहन गर्नु पर्ने व्यवस्था मिलाइने छ ।

१०.११.८. रोजगारमुलक व्यवसायिक शिक्षा, सिपमुलक शिक्षा र तालिमको क्षेत्रमा लगानी गर्न इच्छुक निजी क्षेत्र, सहकारी, समुदायसँग स्थानीय तहमा लागत साझेदारीको लागि एउटा कार्यविधि निर्माण गरी कार्यान्वयन गरिने छ ।

## ११. नीति कार्यान्वयनको जिम्मेवारी :

### ११.१. विद्यालय प्रशासनको जिम्मेवारीः

११.१.१. कक्षा कोठाको व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, नियमित शैक्षणिक क्रियाकलापहरु सञ्चालन गर्ने,

११.१.२. विद्यालयमा आर्थिक, शैक्षिक अनुशासन कायम गराउने,

११.१.३. विद्यालय समुदाय, अभिभावक तथा सरोकारवालाबीच समन्वय र सहजीकरण कार्य गर्ने,

११.१.४. विद्यालयको गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रम तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने,

११.१.५. तोकिएको समय भित्र विद्यालयको सामाजिक परीक्षण, लेखा परीक्षण गरी अभिभावक भेलाबाट पारित गर्ने,

११.१.६. योजनावद्ध रुपमा सृजनात्मक अतिरिक्त क्रियाकलाप आयोजना गरी अभिलेख राख्ने,

११.१.७. स्रोतसाधनको अधिकतम परिचालन, दीगो स्रोतको खोजी तथा उपलव्ध स्रोतको व्यवस्थापन गर्ने,

## ११.२. विद्यालय व्यवस्थापन समितिः

११.२.१. विद्यालयका योजना निर्माण, कार्यक्रम तर्जुमा, कार्यान्वयन, स्रोत खोज्ने र परिचालन गर्ने,शिक्षक तथा कर्मचारीहरुको लागि पुरस्कार तथा दण्डको सिफारिस,विद्यालयको चल,अचल सम्पत्तिका अभिलेखीकरण र सुरक्षा गर्ने ।

११.२.२. विद्यालयको नियमित अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्ने ।

११.२.३. भौतिक पूर्वाधार निर्माण, मर्मतसम्भार, व्यवस्थापन र सञ्चालनमा प्रत्यक्ष सहभागिता जनाउने ।

११.२.४. शिक्षक तथा कर्मचारीहरुलाई पुरस्कृत तथा दण्डित गर्ने साथै सोको लागि सम्बन्धित निकायमा सिफारिस समेत गर्ने ।

**११.३. गाँउ शिक्षा समितिको जिम्मेवारीः**

११.३.१. विद्यालयहरुको गुणस्तर सुधारका योजना निर्माण, विद्यालय तथा सञ्चालन भई रहेका कार्यक्रमको नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षण गर्ने,

११.३.२. ऐन, नियम, निर्देशिका र कार्यविधि निर्माण, विद्यालय व्यवस्थापन समिति गठन र व्यवस्थापन,

११.३.३. स्थानीय पाठ्यक्रम निर्माण, पुरस्कार तथा दण्डका सूचकहरुको निर्धारण गर्ने ।

११.३.४. विद्यालयहरुलाई वितरण गरिने अनुदान, भौतिक सामग्री, शैक्षिक सामग्री,विद्यार्थी सहुलियत वितरणको लागि सिफारिस गर्ने

**११.४. शिक्षा शाखाः**

११.४.१. विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुको अभिलेख व्यवस्थापन गर्ने

११.४.२. पालिका तथा विभिन्न क्षेत्रवाट उपलब्ध सूचना प्रसारण, शिक्षक, कर्मचारीहरुका तलब भत्ता निकासाको लागि सिफारिश गर्ने ।

११.४.३. शिक्षक, कर्मचारीहरुको लागि तालिम, गोष्ठि, कार्यशाला, अभिमुखीकरण सञ्चालन गर्ने साथै ति कार्यकममा सहभागि हुने शिक्षक तथा कर्मचारी सिफारिस गर्ने

११.४.४. विद्यालयको नियमित अनुगमन, निरिक्षण तथा सुपरीवेक्षण गर्ने र प्रतिवेदन तयार गर्ने

**११.५. सामाजिक विकास समितिः**

गाउँपालिकाको लागि आवश्यक नीति, कार्यविधि निर्माण, अनुगमन, नियमन गरी स्रोतको व्यवस्थापन गराउने ।

**११.६.गाउँ कार्यपालिकाः**

११.६.१. ऐन, नियम, निर्देशिका र कार्यविधिहरु पारीत गरी कार्यान्वयनको लागि निर्देशन दिने,

११.६.२. आवश्यक अनुदान तथा स्रोत व्यवस्थापन र वितरण गर्ने

११.६.३. प्रदेश सरकार, सङ्घीय सरकार तथा अन्य राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्थाहरुसँग समन्वय र सहकार्यको वातावरण निर्माण गर्ने,

११.६.४. कक्षा ३, ५ र ८ को परीक्षा सञ्चालन, नियमन र प्रमाणिकरण,

११.६.५. स्थानीय पाठ्यक्रमको मापदण्ड निर्धारण, स्वीकृति र लागु गर्ने,

११.६.६. आधारभूत शिक्षा सम्बन्धि कानुन, योजना र कार्यक्रम निर्माण तथा आधारभूत तह विद्यालय अनुमति, स्वीकृति प्रदान गर्ने,

११.६.७ विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण गर्न लगाउने,

११.६.८. शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण गोष्ठी, कार्यशाला, सञ्चालन, विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन लगायत नीति तर्जुमा गर्ने ।

## १२. संस्थागत व्यवस्थाः

गाउँ शिक्षा नीतिको कार्यान्वयन गर्नको लागि हाल कार्यरत संस्थागत संरचनाहरुलाई सक्रिय रुपमा जिम्मेवारी वहन गर्ने वातावरण निर्माण गरिने छ । आवश्यकता अनुसार विद्यालय तह, वडा तह तथा गाउँपालिका स्तरमा समिति तथा उपसमितिहरु गठन गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाइने छ ।

## १३. आर्थिक पक्षः

शिक्षा नीतिको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहवाट स्रोतको व्यवस्थापन गरिने छ । स्थानीय तहमा

आन्तरिक आम्दानीका स्रोत परिचालनमा शिक्षालाई विशेष प्राथमिकता प्रदान गरिने छ । निजी र सहकारी क्षेत्रबाट समेत विद्यालयका सञ्चालनको लागि आवश्यक स्रोत परिचालन हुने छ । व्यक्ति, समुदाय र अभिभावकहरुलाई स्वैच्छिक रुपमा शिक्षा विकास तथा गुणस्तर वृद्धिको लागि साझदारी वहन गर्न उत्प्रेरित गरिने छ । विभिन्न तहका सरकार, गैह्रसरकारी संघसंस्था, उद्योगी व्यवसायी, अभिभावक र अन्य सरोकारवालाहरुको समेत सहयोग र सहकार्यमानीति कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गरिने छ ।

## **१४. कानुनी व्यवस्थाः**

शिक्षा नीति, २०७९ को प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका ऐन, नियम, निर्देशिका र कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ :

१४.१. प्रारम्भिक बालविकास, आधारभूत शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि सङ्घीय तथा प्रादेशिक शिक्षा ऐनको प्रतिकूल नहुने गरी ऐन, नियम, निर्देशिका तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गरिने छ ।

१४.२. विद्यार्थी वित्तीय सहायता तथा छात्रवृत्ति व्यवस्थापन, लगायतका विषयमा आवश्यक कानून व्यवस्था मिलाइने छ ।

१४.३. विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, पुरस्कार तथा दण्ड निर्धारण कार्यविधि, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन ऐन, गाउँशिक्षा ऐन तथा नियमावलीा नर्माण गरी लागू गरिने छ ।

१४.४. यो नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार नियमावली, निर्देशिका र कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

## **१५. अनुगमन तथा मूल्याङ्कनः**

शिक्षा नीति, २०७९ को कार्यान्वयनको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङ्कन गाउँ कार्यपालिकाले गर्ने छ । गाउँपालिका अन्तर्गत कार्यक्रमहरुको अनुगमन, सुपरिवेक्षण गर्नका लागि शिक्षाका कर्मचारी, गाउँशिक्षा समिति सदस्य, प्रधानाध्यापक तथा शिक्षक सहितको अधिकार प्राप्त संयन्त्र निर्माण गरिने छ । सो संयन्त्र मार्फत् विद्यालय

शिक्षाका आर्थिक, भौतिक, शैक्षिक क्रियाकलापहरुको नियमित अनुगमन, सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइने छ । त्यसैगरी सामाजिक विकास समिति र गाउ शिक्षा समितिले आफ्नो क्षेत्राधिकार भित्र रही नीति कार्यान्वयनको अवस्था नियमितरुपमा अनुगमन, नियमन तथा मूल्याङ्कन गर्नेछन् । स्थानीय तहका जनप्रतिनिधिहरुलाई आवश्यकता अनुसार विद्यालयमा सञ्चालन हुने विविध गतिविधि तथा कार्यक्रमहरुको अनुगमन तथा नियमन गर्नकार्यविधि तयार गरी अधिकार प्रत्यायोजन गरिने छ । सङ्घीय तथा प्रदेश सरकारबाट आफ्नो अधिकार क्षेत्र अन्तर्गत रहेका स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन नियमन गर्नसक्न छन् ।

## **१६. जोखिम तथा जोखिम न्यूनीकरणः**

नीति कार्यान्वयनको क्रममा देखिने जोखिमको समयमै आँकलन गरी निरुपणका उपायहरु अवलम्बन गरिने छ । गाउँशिक्षा नीति, २०७९ कार्यान्वयनमा सम्भावित जोखिमहरु र तिनीहरुको न्यूनीकरणका उपायहरु देहाय बमोजिम हुनसक्ने आँकलन गरिएको छः

### **१६.१. जोखिमहरु**

१६.१.१. नेपालमा नयाँ राजनैतिक प्रणालीको अभ्यास प्रारम्भिक चरणमा रहेकाले शिक्षा नीति लागू गर्ने क्रममा सङ्घ, प्रदेश र स्थानीय तहबीच सह अस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली अवलम्बन गर्नु जोखिमपूर्ण रहने देखिन्छ ।

१६.१.२. स्वशासित निकायका कर्मचारीहरु, विद्यालयका शिक्षक तथा कर्मचारीहरु, गैर शैक्षिक क्षेत्र तथा शैक्षिक सरोकारवालाहरुको पूर्ण सहयोग प्राप्त गर्न कठिनाइ हुन सक्ने छ ।

१६.१.३. अपेक्षित स्रोत उपलब्ध नभएको अवस्थामा शिक्षा क्षेत्रमा गाउँपालिकाको लगानी अपर्याप्त हुने र नीति कार्यान्वयनमा बाधा उत्पन्न हुन सक्ने छ ।

१६.१.४. नीति कार्यान्वयनमा गैह्रसरकारी संघसंस्था,निजी क्षेत्रको भूमिका सहायक हुने भएकोले ती क्षेत्रलाई क्रमशः सेवामुलक बनाउदै लैजाने रणनीतिले गर्दा शिक्षा विकासमा लगानी आकर्षित गरिरहने कार्यमा जोखिम रहन सक्ने छ ।

१६.१.५. सङ्घीय, प्रदेश र स्थानीय सरकारबाट शिक्षा क्षेत्रको समग्र विकासका लागि निश्चित प्रतिशत लगानी गर्ने प्रतिबद्धता कार्यान्वयन हुन नसके यो नीति कार्यान्वयनमा जोखिम रहने देखिन्छ ।

## १६.२. जोखिम न्यूनीकरणः

देहायका उपायहरु अवलम्बन गरी उपर्युक्त जोखिमहरु न्यूनीकरण गर्न सकिने देखिन्छ :

**१६.२.१.** शिक्षा क्षेत्र हेर्ने विभिन्न निकायहरुको प्रतिनिधित्व हुने गरी समन्वय समिति स्थापित गरी समन्वय गरिने छ ।

**१६.२.२.** नीति कार्यान्वयनको प्रभावकारीताका लागि सम्बन्धित सरोकारवालाहरुसँग पर्याप्त छलफल तथा अन्तरक्रिया गरी समझदारी एवम् सहकार्यद्वारा नीतिप्रतिको स्वीकारोक्तिको वातावरण बनाइने छ ।

**१६.२**.३. यो नीति कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय स्रोतको अतिरिक्त दाताहरुबाट प्राप्त हुने तथा लागत आपूरणको सिद्धान्त अनुरुप निजी र सहकारी क्षेत्रको स्रोत समेत आकर्षण गरिने छ ।

**१६.२**.४. शिक्षामा व्यक्ति र अभिभावकहरुको स्वैच्छिक लगानीलाई समेत उपयोग गरिने छ ।

**१७ खारेजी र बचाउः** यस नीतिको संशोधन तथा खारेजिको अधिकार गाउँकार्यपालिकामा निहित हरनेछ ।

प्रमाणिरण मितिः २०७९/१२/१५

आज्ञाले,

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत